म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १३६ मंगलबार १० पुस २०८० ने. सं. ११४४ थिल्लाथ्व 26 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बुद्धचोकमा सबैलाई य:मरि वितरण गरिँदै

हेटौंडा, ९ पुस/नेवा दय दबू जिल्ला शाखा कार्यालयको आयोजनामा आज मंगलबार हेटौंडाको बुद्धचोकमा नि:शुल्क रुपमा य:मरि वितरण गरिने भएको छ । दिउँसो १ बजेदेखि ३ बजेसम्म बुद्धचोकमा य:मरि बनाई बितरण गर्न लागिएको छ । य:मरि पुन्हिको दिनमा नेवार समुदायमा विशेष किसिमको तिल, चाकु र खुवा राखेर बनाइएको चामलको पिठोबाट बनाइएको विशेष प्रकारको परिकार य:मरि खाने चलन छ ।

नेवारी सस्कृतिको संरक्षण तथा विकासको लागि हेटौंडाको बुद्धचोकमा कार्यक्रम आयोजना गर्न लागिएको नेवा दय दबूका अध्यक्ष बिष्णुलाल श्रेष्ठले जानकारी दिए । नेपाल भाषामा य: भनेको मनपर्ने र मरि भनेको रोटी वा मिठाई भन्ने अर्थ लाग्छ । य:मरिलाई पञ्चतत्वको रुपमा पनि स्वीकार गरिन्छ ।

# महोत्सवमा थामिनसक्नु दर्शक, आयोजक खुशीले 'गदगद'

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/ मकवानपुर उद्योग वाणिज्य संघमा आबद्ध बस्तुगत संघहरुले तीब्र बिरोध गरिरहँदा खेलकुद तथा ब्यापार महोतसव आयोजकलाई कतै असफल हुने हो कि ? भन्ने मनमा चिन्ता थियो । तर, महोत्सव सुरु भएपछि अवलोकनकर्ता थामिनसक्नु गरी ओइरिएपछि आयोजक खुशी भएका छन् ।

हेटौंडाको टिसिएनचौरमा सञ्चालन भैरहेको खेलकुद तथा व्यापार महोत्सवमा सोमबार चर्चित गायक प्रमोद खरेलले आफ्नो सांगीतिक प्रश्तुती प्रश्तुत गरेका छन् । उनको गीत सुन्न दर्शकको भीड लागेको थियो । युवा पुस्ताले निकै रुचाएका गायक खरेलले आफ्ना करिब एक दर्जन गीत गाएका थिए । महोत्सवका दर्शकले नाच्दै र गाउँदै उनलाई साथ दिएका थिए । सोमबार खरेलसँगै गायिका सहिमा श्रेष्ठ, गायक असिमकुमार कटुवाल र जादुगर बलराम सर कारको प्रश्तुती रहेको थियो ।

आगामी पुस १३ गतेदेखि १५ गते हेटौंडा-४, हुप्रचौरमा सडक खाना महोत्सव आयोजना गरिने होटल एसोसिएसनले जानकारी दिएको छ । इस्वी सम्वतको नयाँवर्षको अवसरमा एसोसिएसनले आयोजना गर्ने सडक खाना महोत्सवले स्थानीय परिकारका साथै आन्तरिक पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरिएको छ । 'सडकमै जाऔं, सडकमै खाऔं, सडकमै रमाऔं' भन्ने नारा सहित आयोजना गर्न लागिएको महोत्सवमा ४० वटा स्टल रहने छ । महोत्सवमा हेटौंडा उपमहानगरपालिकाले पनि सहयोग गर्नेछ । ३० हजार भन्दा बढी दर्शकको महोत्सवमा सहभागिता रहने अनुमान आयोजकको छ ।

१३ देखि १५ सम्म हुने खाना महोत्सवले खेलकुद महोत्सवलाई कत्तिको प्रभाव पार्ने छ ? त्यो भने हेर्न बाँकी छ । जारी महोत्सवमा मंगलबार लोकगायक पशुपति शर्मा, लोकगायिका ज्योति मगरसहित मनोज गोर्खाली, ध्रुव विस्को, केको सिङ लगायतको



प्रश्तुती रहने आयोजकले जनाएको छ । महोत्सवमा दैनिक दर्शकको उपस्थिति बढ्दो क्रममा रहेको छ । प्रत्येक दिन राष्ट्रिय तथा स्थानीय कलाकारको प्रश्तुती रहँदै आएको छ । १७ गतेसम्म सञ्चालन हुने महोत्सवमा राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय गरी १३ वटा विधामा खेल हुनेछ ।

महोतसव आयोजक समितिका संयोजक समेत रहेका मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्कीले खेलकुद क्षेत्रको विकासका लागि आयोजना भएको महोत्सवमा सबै क्षेत्रको सहयोग प्राप्त भैरहेको बताए । महोत्सवमा करिब २६० वटा विभिन्न स्टल रहेको छ । महोत्सवमा कृषि, पर्यटन, हस्तकला, अटो मोबाइलका साथै बालउद्यानलगायत स्टल राखिएको छ । महोत्सवबाट खेलकुद विकास समितिलाई प्राप्त हुने र कमबाट वर्षभर खेलकुद प्रतियोगिता आयोजना गर्ने आयोजकले लक्ष्य राखेको छ । महोतसवबाट मकवानपुर जिल्ला खेलकुद विकास समितिले करिब २५ लाख रुपैयाँ प्राप्त गर्ने अनुमान छ ।

हेटौंडामा जारी बृहत खेलकुद तथा व्यापार महोत्सवमा आज १० पुस मंगलबार चर्चित लोकगायिका ज्योति मगर र लोकगायक पशुपति शर्माले 'धमाका' मच्चाउने भएका छन् । लोकदोहोरी गायक र गायिकासँगै मनोज गोर्खाली, केको सिङलगायतको प्रस्तुती रहने आयोजकले जनाएको छ । महोत्सवमा प्रत्येक दिन राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती रहँदै आएको छ । १७ गतेसम्म सञ्चालन हुने महोत्सवमा राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय गरी १३ वटा विधामा खेल हुनेछ ।

**राष्ट्रिय तेक्वान्दोमा ज्योति डोजाङ प्रथम**

हेटौंडामा जारी बृहत् खेलकुद तथा व्यापार महोत्सव अन्तर्गत सोमबार भएको राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा ज्योति तेक्वान्दो डोजाङ प्रथम भएको छ ।

१२ वटा तौल समूहमा भएको प्रतियोगितामा ज्योतिले ३ स्वर्ण, ३ रजत र ३ कास्य पदक जित्दै पहिलो भएको हो । ३ स्वर्ण र एक काश्यसहित किरणचोक तेक्वान्दो डोजाङ द्वितीय भएको छ भने २ स्वर्ण, ४ रजत र एक काश्यसहित क्रियटिभ डोजाङ तृतीय भएको छ । प्रतियोगितामा मकवानपुरको ८ वटा डोजाङले सहभागिता जनाएका थिए । पशुपति डोजाङले २ स्वर्ण, २ रजत र ३ कास्य पदक जितेको छ भने माउण्ट एभरेष्ट डोजाङले १ स्वर्ण र एक रजत जितेको छ ।

यस्तै टिसिएन डोजाङले एक स्वर्ण र एक रजत, जेनिथ डोजाङले ५ कास्य र ज्ञानोदय डोजाङले २ कास्य जितेको आयोजकले जानकारी दिएको छ । विजेता खेलाडीलाई नेपाली कांग्रेस मकवानपुरका नेता आनन्दराम पराजुली, हेटौंडा उपमहानगर पालिका १ नम्बर वडाअध्यक्ष सविन न्यौपाने, ६ नम्बर वडाअध्यक्ष विष्णु दाहाल, ८ नम्बर वडाअध्यक्ष राम थापा, ९ नम्बर वडाअध्यक्ष शुकराम केसी, १० नम्बर वडाअध्यक्ष फुर्वादोर्जे लामा, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष खड्की, पूर्वअध्यक्ष सानु लामालगायतले पुरस्कार वितरण गरेका हुन् । महोत्सवमा दैनिक विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन भैरहेको छ ।

## पालुङ बहुउद्देश्यीय सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/थाहा नगरपालिका-४, स्थित पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको २४ औं वार्षिक साधारणसभा भएको छ । थाहानगरमा मुख्य कार्यालय रहेको सहकारीको सोमबार पालुङमा साधारणसभा भएको हो ।

६ हजार ३ सय ८८ जना शेयर सदस्य रहेको सहकारीको शेयर पूँजी ९ करोड ८९ लाख २४ हजार ४ सय रुपैयाँ रहेको छ । २०७९ भदौ महिनाभरि शेयर थप गरी यो अवधिमा शेयर रकम ३८ दशमलव ७२ प्रतिशतले थप गरेर शेयर पूँजी ९ करोड भएको सहकारीको कार्यवाहक अध्यक्ष अरुण रायमाझीले बताए । साधारणसभामा कार्यवाहक अध्यक्ष रायमाझीले वार्षिक प्रगति प्रतिवदेन तथा नीति कार्यक्रम सार्वजनिक गरे । सहकारीको अन्य कोषहरु १५ करोड ९३ लाख ५४ हजार रुपैयाँ र कर्जा लगानी ९० करोड ५७ लाख ६४ हजार रुपैयाँ रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा संस्थाको कर्जा लगानी ७ प्रतिशतले वृद्धिगरी ९६ करोड ९१ लाख कर्जा लगाउने पुऱ्याउने लक्ष्य रहेको सहकारीको प्रतिवेदनमा उल्लेख गरेको छ । संस्थाको आफ्नै स्वामित्वको जग्गामा निर्माण गरिएको अत्याधुनिक प्रविधियुक्त हाइटेक नर्सरीबाट विभिन्न जातका तरकारीका विरुवा उत्पादन तथा खुल्ला जग्गामा तरकारी उत्पादन र बजारीकरण गरी सदस्यलाई बेर्ना उपलब्ध गराउँदा लाभान्वित भएको अध्यक्ष रायमाझीले बताए ।

साधारणसभाले रिक्त रहेको सञ्चालक समितिको अध्यक्ष पदको लागि उपनिर्वाचन हुने सहव्यवस्थापक रामप्रसाद ढकालले जानकारी दिए । साधारणसभाका प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौलाले सहकारीको मर्म बमोजिम किसान, कालिगड, न्यून आय भएका वर्गको उत्थान र वित्तीय पहुँचवृद्धिमा सहकारीले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए । थाहा नगर पालिका प्रमुख बिष्णुबहादुर विष्टले सहकारीले बचत र ऋणको मात्र काम नगरी उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन आग्रह गरे ।

सहकारीका कार्यवाहक अध्यक्ष रायमाझीको सभाध्यक्षतामा भएको साधारणसभामा थाहानगर उपप्रमुख भरत गोपाली, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष कविराज खत्री, जिल्ला बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका कोषाध्यक्ष बिमलकुमार ढकाल, सहकारीका संस्थापक अध्यक्ष बिष्णुहरि ढकाल, पूर्वअध्यक्ष पुरुषोत्तम कार्की, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकाल, नेपाली कांग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशी, नेकपा एमालेका नगरअध्यक्ष अच्युत्तमप्रसाद ढकाल, माओवादी केन्द्रका नगरसचिव लक्ष्मण विष्ट लगायतको आतिथ्यता थियो ।

सहकारीले संस्थाका सदस्यका सन्तानमध्ये पिएचडी गर्ने थाहा-३ घर्तिखोलाका राजेन्द्र केसी (गणित), हेटौंडा-४ का घोषणा बिष्ट (सूचना र प्रविधी) एमबिबिएस गर्ने थाहा-४ का सुजता केसी र समाज गोपाली, पाइलट बनेका थाहा-२ का प्रवेश बिष्टलाई सम्मान गरिएको थियो । सहकारीले उत्कृष्ट कार्यसम्पादन भएका कर्मचारीमा सहव्यवस्थापक रामप्रसाद ढकाल, लेखापाल विद्यामान श्रेष्ठ, वरिष्ठ फिल्ड सहायक राम कार्कीलाइ सम्मान गरेको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०४१५, ९८१७८२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न

**बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०**

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म

हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि

९८५५०६८८७३, ९८५१०५३८०१

**मुख्य आकर्षणहरू :**

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता

खेल स्रष्टा सम्मानित



प्रवेश शुल्क

विद्यार्थी :रु ५०

सर्वसाधारण : रु७०

मुख्य आयोजक

मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक

औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

## हाम्रो कुरा

# कोदोलाई कुअन्न नभनौं

मकवानपुरगढी गाउँपालिकाले पालिकाभित्र उत्पादन हुने रैथाने बालीको न्यूनतम समर्थन मूल्य निर्धारण गरेपछि कोदो फलाउने किसान खुसी भएका छन् । गाउँपालिकाले कोदो प्रतिकेजी ५४, फापरको प्रतिकेजी १०० र जुनेलोको प्रतिकेजी ८४ रुपैयाँ हुने गरी न्यूनतम मूल्य निर्धारण गरेर किसानसँग खरिद पनि गरिरहेको छ । कोदो, फापरको महत्व हिजोका दिनमा हाम्रा पुर्खाले बुझेका थिएनन् र महत्व दिइएन भन्ने महशुस भएको छ गढी गाउँपालिकाका जनप्रतिनिधिलाई । गढी गाउँपालिकाको अवधारणाअनुसार गढीको हरेक पाखोबारी कोदो र फापर उत्पादनका लागि योग्य छन् । कोदो र फापर उत्पादन गर्ने किसानलाई पालिकाबाट अनुदान दिंदा बाँझो बस्दै गरेका बारीमा हरियाली छाउने महशुस भएपछि ग्रामीण क्षेत्रका किसानले कोदो र फापर खेती गर्न थालेका छन् । पछिल्लो वर्षमा कोदो र फापर हाताहाती बिक्री हुने नगदे बालीको रुपमा परिणत हुँदै गएको छ । बिगतका दिनमा कोदोलाई कुअन्न भन्नेहरु नै अहिले कोदोको परिकार खानका लागि तछाडमछाड गरिरहेका छन् ।

एकातिर बाँझो रहेको पाखो बारीमा हरियाली छाउने र अर्कोतिर पाखोपखेराबाट बसाईं सर्ने क्रम रोकिने भएपछि अनुदान दिन थालेको गाउँपालिकाले जनाएको छ । मानिसले कोदो र फापरलाई महत्व दिन छोडेपछि लोप हुने अवस्थामा पुगेको रैथाने बाली संरक्षणका लागि पनि स्थानीय सरकारले केही गर्नुपर्छ भन्ने लागेर मकवापुरगढी गाउँपालिकाले कोदो र फापर खेती गर्ने किसानलाई थोरै भएपनि राहत दिन सुरु गरेको थियो । गढीका पूर्वअध्यक्ष बिदुर हुमागाईको यो अभियानलाई किसानले पनि साथ दिएका छन् । गाउँपालिकाले न्यूनतम समर्थन मूल्य तोकेर स्थानीय सहकारी मार्फत खरिद गर्ने अभियान सुरु गरेपछि किसानले उत्पादन गरेको कोदो र फापर उत्साहजनकरुपमा बिक्री गर्न थालेका हुन् । गाउँपालिकाको बर्तमान नेतृत्वले पनि यो अभियानलाई प्राथमिकतामा राखेको छ । कोदो र फापरको पौष्टिकताको बारेमा सर्बसाधारणलाई बताएर यसको ब्राण्डिङ गर्न सकेको खण्डमा ग्रामीण क्षेत्रका किसानको उन्नति हुनेछ । भिरालो बारीमा पनि उत्पादन हुने कोदो र फापरबाटै स्थानीय किसानको गुजारासँगै आम्दानी पनि हुनेछ । मकवानपुरगढीमा यसअघि ४ नम्बर वडाको कालीखोलास्थित अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्था लिमिटेडले त्यस क्षेत्रमा कृषकबाट उत्पादित कोदो खरिद गरी संकलन गर्न सुरुवात गरेको हो ।

मकवानपुरगढी-८, बुढीचौरस्थित एकता स्वाबलम्बन कृषि सहकारी संस्था लिमिटेडले गाउँमै उत्पादित मिठे फापर र तिते फापर आइतबारबाट खरिद गरी किसानको उत्पादन संकलन थालेको हो । सहकारी संस्थाले गाउँपालिकाबाट प्रतिकेजी मूल्य १०० रुपैयाँ तोकिएकोमा सहकारी संस्थाले १० रुपैयाँ थप गरी १ सय १० मा खरिद गरेको छ । जसमा अनुदान रकमसमेत थप गरी किसानले प्रतिकेजी १ सय १६ रुपैयाँको दरले नगद पाउँछन् । कृषकबाट एक सय १६ रुपैयाँ प्रतिकेजीका दरले फापर खरिद गरिएको सहकारीकाले जानकारी दिएको छ । पहिलो दिन २१ जना कृषकबाट २ हजार १ सय ७४ केजी फापर खरिद भएको थियो । सहकारी संस्थाले गाउँपालिकाबाट तोकिएको मूल्यमा अनुदान रकम समेत थप गरी प्रतिकेजी ६० रुपैयाको दरले कोदो खरिद गरिएको सहकारीले जानकारी दिएको छ । अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्थाले गाउँपालिकाको सहयोगमा गत वर्षदेखि कालीखोला ब्रान्डको कोदोको पीठो प्याकेजिङ गरी बजारमा बिक्री गरिरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस ११ गते बुधबार, २७ डिसेम्बर २०२३ । प्रतिपदा, पौष कृष्णपक्ष । थिलागा ११४४ ने.सं. । सूर्योदय ६:५४, सूर्यास्त ५:१५ । कोका-कौशिकी संगममा मेला । मतिना पारु ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक लाभ | तुला | : धर्मबाट सन्तोष |
| वृष | : विदेशबाट लाभ | वृश्चिक | : कार्यमा अवरोध |
| मिथुन | : आफन्तमा विवाद | धनु | : स्वजनबाट विरोध |
| कर्कट | : स्थानान्तरणको योग | मकर | : शैक्षिककार्यमा बाधा |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : सन्तान पक्षबाट सन्तोष |
| कन्या | : पराक्रम वृद्धि | मीन | : आफन्तमा विवाद |

# विद्यालय शिक्षा ऐनमा अपेक्षित प्रश्नहरू



✍ गेहनाथ गौतम

नीति र कानुन मुलुकलाई मार्गदर्शन गर्ने आधारहरू हुन् । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक, बाह्य सम्बन्ध वा प्रतिवद्धता र अन्य अवस्थाका सापेक्षतामा नीति तथा कानुनहरू बन्नु पर्दछ । नीति तथा कानुन तर्जुमा गर्ने चरणमा धेरै पक्षहरूको ख्याल गरिन्छ । विषयगत नीति वा कानुन बनाउँदा सो विषयलाई कसरी व्यवस्थित, स्तरीय, उत्पादनमूलक, स्वावलम्वी र सेवामूलक बनाउने भन्ने मूल मन्त्रलाई केन्दुविन्दुमा राखिन्छ । फरक फरक सरोकार समूह, दवाव समूह वा लाभग्राही र सेवाप्रदायकका आआफ्ना चाहना र रोजाइ रहन सक्छन् । तर कानुन तत्कालीन आवश्यकता र दीर्घकालीन प्रभावका बीचबाट सधैं प्रगतिशील रहनु पर्छ भन्ने मान्यता रहिआएको छ ।

भनिन्छ, ढिला न्याय दिनु भनेको न्याय नै नदिनु सरह हो । भर्खरैको घटना हो, एक जना शिक्षक साथीले आफ्नो बढुवामा चित्त नबुझेर उजुरी गर्नु भएछ । उजुरी पछि सो निकायले नतिजामा परिवर्तन देखेन छ । अनि फेरी न्यायिक निकायमा जानु भएछ । त्यसपछि सो निकायले उहाँलाई बढुवा सूचीमा कायम गरेछ । संयोगबस उहाँ यो अवधिमा नै सेवा निवृत्त हुनुभयो । उहाँले बढुवा भएको पदमा बहाल चाहिँ हुन पाउनु भएन । तर बढुवाको जेष्ठता चाहिँ आफूलाई चित्त नबुझेको बढुवा सूचनाले कायम गरेको मितिबाट नै लागु हुने गरी कानुनी उपचार पाउनु भयो । अब पेन्सनपट्टा बनाउन झमेला भयो । कानुन स्पष्ट भएन, निर्णयकर्तालाई निर्णय दिन कठिन भयो । कानुनले यस्ता वियममा पनि स्पष्टता कायम गर्न सक्नुपर्छ ।

नीतिले कानुन बनाउने आधार वा राज्यको मान्यता स्पष्ट पार्न सक्नुपर्छ । सार्वभौम संसदले यस्तै विषयमा गहिरिएर हेर्ने हो । राज्यको तत्कालीन र दीर्घकालीन हितप्रति सचेत रहँदै सरोकार पक्षहरूका भावनालाई राज्यको मूलनीतिसँग नबाझ्ने गरी अथवा राज्यलाई अहित नहुने गरी समेट्न आफ्नो कर्तव्य र अधिकारको उपयोग गर्ने हो ।

नेपालको संविधानले मुलुक कस्तो बनाउने हो र राज्यको गन्तव्य सेन्टर टु लेफ्ट कि सेन्टर टु राइट भन्ने विषयमा मध्यमार्गी मार्ग अवलम्वन गरेको छ । सरकार बन्ने वा मुलुक सञ्चालन गर्ने विषय चाहिँ संविधानअनुसार निर्वाचन आयोगमा दर्ता भएका मान्यता प्राप्त र जनअनुमोदित राजनीतिक दलका मान्यतासँग जोडिने भयो ।

यस अर्थमा सत्तारूढ राजनीतिक दलले आफ्नो मान्यतालाई संवैधानिक निर्देशको साँचोमा ढालेर अघि बढ्ने र आफ्नो विश्वासअनुसार जनसेवामा समर्पित हुने स्वतन्त्रता रहन्छ । ऐन निर्माण गर्दा सधैँ सार्वभौम संसद र त्यहाँका संरचनाहरूमा प्रक्रियागत गहन छलफल बहसबाट राष्ट्रहितका पक्षमा खारिन सक्नु पर्छ ।

यतिबेला राज्यसञ्चालनको नयाँ संरचनासहित संविधान लागु भएको ८ वर्ष पुगेको छ । मुलुकलाई अत्यावश्यक र चाँडै बन्नुपर्ने कतिपय आधारभूत कानुनहरू अझै पनि बन्न सकेका छैनन् । यस्तो परिस्थितले तात्कालिक रूपमा सरोकारवालालाई र दीर्घकालिक रूपमा मुलुकलाई हानि पुगिरहेको हुन्छ ।

अहिले विद्यालय शिक्षा विधेयक संसदमा टेबुल भएको र सांसदहरुलाई संशोधन हाल्ने लगायतका संसदीय प्रकृया पुरा गरेर सम्बन्धित समितिमा दफावार छलफलको चरणमा रहेको छ । यस विधेयकमा १ सय ५२ ओटा संशोधन परेको भनेर सञ्चार माध्यममा आएका छन् । विधेयकमा संशोधन प्रस्ताव गर्ने अधिकार सांसदज्यूहरूलाई नेपाली जनताले दिएको कानुनी अधिकार र कर्तव्य दुवै हो । यसमा नकारात्मक टिप्पणी गर्ने उहाँहरूका प्रस्तावलाई अवमूल्यन वा अनदेखा गर्ने नागरिक धृष्ठता उचित होइन । सबै प्रस्तावहरूको आआफ्नै विशिष्ठता र महत्व रहन्छन् । संसदीय समितिमा यसबारे हुने छलफल चाहिँ निकै गहन विषयकेन्द्रित र तटस्थ रहन सक्नुपर्छ ।

### नि:शुल्क र सशुल्क शिक्षा

नेपालमा जनप्रतिनिधिलाई अध्ययन कम गर्ने र सार्वजनिक खपतका लागि मात्र बोल्ने गरिएको भन्ने आरोप पनि रहने गरेको छ । कर्मचारीलाई टेक्नोक्रयाटका रूपमा मात्र पनि लिने गरिएको छ । शिक्षकलाई राजनीतिक दलका कार्यकर्ता र कर्तव्यप्रति कम जिम्मेवार पनि भन्ने गरिएको छ । अभिभावकलाई विद्यालयप्रति बेखबर रहने आरोप पनि लाग्ने गरेको छ । विद्वतवर्गलाई आत्मकेन्द्रित रहने र पक्षधरताभन्दा पर रहेको पाउन कठिन भएको आरोप रहने गरेको छ । जनप्रतिनिधिका मातृसंस्थाहरूलाई मुलुकलाई सही दिशा दिन असमर्थ हुँदै गएका भन्ने गम्भिर आरोप लाग्ने गरेको छ । यस्ता सबै असन्तुष्टिहरू बेलामौकामा पेशागत समूहका नाममा, पीडित समूह, सचेत समूह वा अभियन्ताका नाममा अघि आउने गरेका छन् ।

अहिले शिक्षकको व्यवस्थापन र शिक्षामा निजी लगानीको व्यवस्थापनमा बढी चर्चा भएको अनुभूत हुन्छ । तर सरकारले नि:शुल्क शिक्षाको प्रतिवद्धता गर्ने र लगानी बढाउँदै लैजाने (यद्यपि अपर्याप्त होला) अनि अभिभावकले चाहिँ सशुल्क शिक्षाप्रति भरोसा गर्दै जाने समस्या पनि रहेको छ । यस्तो अवस्थालाई चिरेर सार्वजनिक निकायप्रति भरोसा जगाउने र जनविश्वास सिर्जना गर्ने दिशामा स्पष्टता आवश्यक देखिन्छ । शिक्षामा निजी क्षेत्रको लगानीको वातावरण र नियमन मात्र होइन नेपालमा विदेशी पाठ्यक्रम पठनपाठन गर्ने प्रयत्नका बारेमा पनि विश्लेषण गरी मार्गनिर्देश गर्न आवश्यक छ ।

तीन तहका सरकारहरूको अभ्यास रहेको वर्तमान राज्य प्रणालीका सन्दर्भमा विद्यालय शिक्षालाई पाठ्यक्रमको मर्मअनसार सिर्जनात्मक बनाउने र सैद्धान्तिक भन्दा अभ्यासमा आधारित बनाएर योग्यताका प्रमाणपत्रसँगै कम्तीमा जीवनयापन गर्न सक्ने आधारभूत सिप सुनिश्चित गर्ने दिशामा कसरी केन्द्रित गर्न सकिएला भनेर खोज्न जरुरी देखिन्छ । यस्तो गुणात्मक शिक्षाको अपेक्षा पुरा गर्न कस्तो जनशक्ति ? कस्तो लगानी पद्धति ? कस्तो व्यवस्थापकीय संरचना ? अनि समयसापेक्षतामा कसरी नवीनकृत गरिरहने भन्ने स्पष्ट दिशाबोध आवश्यक छ ।

### २ तहको विद्यालय शिक्षा

विद्यार्थी मूल्यांकनको स्थापित पद्धति तोडेर वाह्य परीक्षाको अवसर घटाउदा गुणस्तर मा पर्ने प्रभाव अध्ययन आवश्यक छ । कक्षा ५, ८, १० र १२ मा विभिन्न तहबाट बाह्य परीक्षा गर्ने पद्धति कायम राख्न आवश्यक हो कि ? यसैगरी विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी २ तह मात्र कायम गरिएको विषयमा पनि विश्लेषण अपेक्षित देखिन्छ । समुदायमा अहिले पनि प्रारम्भिक बालविकास कक्षासहित वा बाहेक 'कक्षा १-३, १-५, १- ८, १- १०, १- १२, र ०- १२ वा १२ + उच्च शिक्षा' संरचना अभ्यासमा रहेका छन् । यति धेरै विविधतालाई २ तहमात्र किन भन्नु परेको हो ? नेपालको संविधान जारी भएपछि शिक्षा ऐन २०२८ मा संशोधन गरी कक्षा ११ र १२ लाई विद्यालय शिक्षा संरचनामा ल्याउनु कति उचित हो ? प्रदेश तहमा विद्यालय शिक्षाको स्पष्ट अधिकार नभएको अवस्थामा प्रदेश स्तरीय संरचना कति आवश्यक छ जस्ता विषयमा पनि छलफल र दिशानिर्देश अपेक्षित देखिन्छ ।

शिक्षा सम्बन्धमा विगतमा बनेका कतिपय नीतिगत तथा कानुनी प्रवन्धहरू यो वा त्यो स्वार्थ समूह वा तत्कालीन बाध्यताका आधारमा संशोधन हुँदै प्रारम्भको मूल मर्मबाट धेरै टाढा पुगेका दृष्टान्तहरू पनि धेरै छन् । शब्दजालमा अल्मलिएर परिवेश अनुसार आपसमा बाझिने र फरक-फरक अर्थ लगाउन सकिने पनि बनेका छन् । विगतमा नीति तथा कानुनमा निर्माणकर्ताको विद्वता समटिने तर व्यवहारमा ल्याउन कठिन पर्ने विषयहरू पनि रहने गरेका छन् । दाताका लुप्त अपेक्षाहरू नजानीकनै जोडिने अनि प्रयोगशाला र गिन्नीपिग जस्तो बन्न पुगेका नीतिगत प्रवन्धहरू पनि छन् । यस्ता विषयमा जनअपेक्षा र यही क्षेत्रका अभ्यासकर्ताका भिन्नाभिन्नै अनुभवहरू हुनसक्छन् । पूर्वअनुभवका आधारमा वर्तमान आवश्यकता तथा वस्तुगत अवस्थाको तटस्थ र समीचिन विश्लेषण गर्न जिम्मेवार पक्ष चुक्न हुँदैन ।

*(साभार: अनलाइनखबर)*

# रुकुम घटनाको न्यायिक फैसलाको सन्देश

✍ सञ्जीव कार्की




सर्वसाधारणले गर्न नमिल्ने र नहुने कानुनी रूपमा अपराध मानिएको जातीय विभेदका घटना जनप्रतिनिधिहरू नै गर्न थाल्छन् । ठूला र पुराना तीन पार्टीका नेताकार्यकर्ता नै विभेदको पृष्ठपोषणमा देखिन्छन् । जनप्रतिनिधिले गरेको जातीय विभेदको घटनालाई ढाकछोप गर्न ज्यान दिएर लागिपर्छन् र अनेक कुतर्क गरेर विषयान्तर गर्छन् । रुकुम सोतीको घटनालाई पनि अवास्तविक रूपमा प्रस्तुत गर्ने कोसिस नभएका होइनन् ।

कास्की जिल्ला अदालतले मङ्सिर ७ गते गरेको फैसला र मङ्सिर १९ गते रुकुमपश्चिम अदालतले गरेको ऐतिहासिक न्यायिक फैसला दलितको न्यायिक अभियानको सबैभन्दा ठुलो र महत्त्वपूर्ण उपलब्धि हो । यही उपलब्धिले अब नेपालमा जातीय छुवाछूत गर्ने इतिहासको कित्ताकाट गर्ने छ ।

आगामी दिनहरू दलितको मर्यादा, आत्मसम्मान र स्वाभिमानका लागि सुनौला बनेर आउने छन् । गैरदलितलाई इतिहासको कुन साँध र सीमामा उभिने प्रश्न पहाड बनेर खडा हुनेछ । न्याय, समता, भ्रातृत्व र मानव अधिकारका पक्षमा रक्षक र अभियन्ता बन्ने कि असभ्य घिनलाग्दो जात व्यवस्थाको कुकर्म बोकेर हिँड्ने ? अब समयको बलवान वेगलाई रोक्ने छेक्ने ल्याकत कसैसँग रहने छैन । मानवताको जितले कोसेढुङ्गा राखिसक्यो ।

सिरहाको भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले आफ्नी आमाको १३ दिने (किरिया कर्म) चोख्याउनीमा बोलाएर २०७९ फागुन १२ गते प्लेकार्ड बनाएर ब्यानर राखेर नै दलित गैरदलित र मुस्लिमका लागि छुट्टाछुट्टै भोजको व्यवस्था गरेर जातीय छुवाछूतजन्य कसुर गरे । उक्त भोजमा बहालवाला मन्त्रीदेखि दर्जन सांसद र प्रमुख जिल्ला अधिकारीसमेतको उपस्थिति थियो । जसको कानुनी फैसला आउन बाँकी छ ।

जातीय विभेदका यी हालसालैका प्रतिनिधि घटना मात्र हुन् । आज पनि दलित सार्वजनिक धारा, इनार र कुवाको पानी छोएका कारण पिटिन्छन् । अपमानित हुन्छन् र मृत्युवरण समेत गर्न पुग्छन् । मुगुमा पनि हालसालै एक स्वास्थ्यकर्मीमाथि जातीय दुर्व्यवहार गरिएको छ । दलितले दिएको औषधी समेत चल्दैन, खाँदैनौ भन्ने जस्ता कुरा आएका छन् । यी सबै घटनाले नेपालको छुवाछूत र भेदभावको कानुन कार्यान्वयमा कडाइ गर्न सङ्केत गर्छ भने कानुन परिमार्जन र परिष्कृत गर्नेतर्फ पनि खबरदारी गर्छ । कानुन आफैँमा सबैथोक होइन, समाजको धार्मिक, सामाजिक, मनोविज्ञानलाई सम्बोधन गर्ने कार्यक्रम पनि खाँचो औँल्याउँछ ।

### जातीय छुवाछूतबारे संविधान २०७२

जातीय भेदभाव तथा छुवाछूत (कसुर ऐन) २०६८ को संशोधन २०७४ लागु भएको छ । गणतान्त्रिक संविधान २०७२ ले जातीय भेदभाव र छुवाछूत निषेधसम्बन्धी व्यवस्था आफ्नो प्रस्तावनामा नै उल्लेख गरेर मौलिक हकको रूपमा नै संविधानको धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्धको हक तय गरेको छ । धारा ४० मा दलितको हक र धारा ४२ मा सामाजिक न्यायको हकसहित संविधानको धारा २५५ मा दलित आयोगको संवैधानिक बन्दोबस्त गरेर संविधानले दलितका पक्षमा आजसम्मकै धेरै कानुनी बन्दोबस्त मिलाएको छ । यद्यपि यसै समयमा जातीय छुवाछूतजन्य घटनाका कारण तीन दर्जन दलित समुदायका मान्छेले मृत्युदण्ड पाएका छन् । यसर्थ अन्य कारण र उपायको पनि खोजी गर्नु जरुरी देखिन्छ । ऐन, कानुन, नियम र संविधान मात्र जातीय छुवाछूत र विभेदको अचुक अस्त्र होइन ।

कानुनमा मृत्युदण्ड वर्जित भए पनि मनुस्मृतिकालीन कानुन आजपर्यन्त समाजमा चलनचल्तीमा छन् । अनाहकमा जातको कारण देखाएर मानिसहरू मारिइरहेका छन् । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले विसं २०५८ श्रावण ३२ गते छुवाछूतलाई व्यवहारमै अन्त्य गर्ने घोषणा गरे । त्यस्तै २०६० मा प्रधानमन्त्री सूर्यबहादुर थापाले पनि जातीय भेदभाव र छुवाछूतसम्बन्धी मुद्दालाई सरकारवादी बनाउने निर्णय गराए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचन्डले २०६५ माघ १२ गते जनताको नाममा सम्बोधन गर्दै गाविस स्तरसम्म नै छुवाछूत हेर्ने निगरानी केन्द्रको स्थापना गर्ने र छुवाछूत अपराध हेर्ने छुट्टै इजलास स्थापनाको घोषणा गरे । त्यसै गरी छुवाछूतलाई दण्डनीय अपराध मानेर ऐन जारी भएपछि प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय छुवाछूत उन्मूलन समिति गठन हुने व्यवस्था गरे ।

प्रधानमन्त्री माधवकुमार नेपालले २०६६ सालमा नेपालले अन्तर्जातीय विवाहलाई प्रोत्साहन स्वरूप रु १,००,००० (एक लाख) रकम दिने निर्णय गरे । २०६२ र ६३ को महान् जनक्रान्तिपश्चात् स्थापना भएको गणतन्त्र नेपालको व्यवस्थापिका संसदले २०६३ जेठ २१ गते नेपाललाई छुवाछूत मुक्त राष्ट्र घोषणा गर्‍यो ।

शेरबहादुर देउवाले विसं २०५८ श्रावण ३२ गते छुवाछूतलाई व्यवहारमै अन्त्य गर्ने घोषणा गरे । त्यस्तै २०६० मा प्रधानमन्त्री सूर्यबहादुर थापाले पनि जातीय भेदभाव र छुवाछूतसम्बन्धी मुद्दालाई सरकारवादी बनाउने निर्णय गराए । २०६५ माघ १२ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचन्ड'ले जनताको नाममा सम्बोधन गर्दै गाविस स्तरसम्म नै छुवाछूत हेर्ने निगरानी केन्द्रको स्थापना गर्ने र छुवाछूत अपराध हेर्ने छुट्टै इजलास स्थापनाको घोषणा गरे । त्यसै गरी छुवाछूतलाई दण्डनीय अपराध मानेर ऐन जारी भएपछि प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय छुवाछूत उन्मूलन समिति गठन हुने व्यवस्था गरे ।

प्रधानमन्त्री माधवकुमार नेपालले २०६६ सालमा अन्तरजातीय विवाहलाई प्रोत्साहन स्वरूप एक लाख रकम दिने निर्णय गरे । २०६२-६३ को महान जनक्रान्तिपश्चात् स्थापना भएको गणतन्त्र नेपालको व्यवस्थापिका संसद्ले २०६३ जेठ २१ गते नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गर्‍यो ।

हिन्दुहरू राजा मनुले २००० वर्षअघि बनाएको यो नियमको परिधिमा आज पनि रहेका छन् । राजालाई ईश्वरको अवतार मान्ने हुनाले आफ्ना ईश्वरको आदेश (डिभाइन ल) मानेर नै गलत आचरण र व्यवहार प्रदर्शन गर्छन् ।

*हेरौँ मनुस्मृतिकालीन दलित (शूद्र) उत्पीडन गर्ने केही कानुनका दृष्टान्त:*

१. शूद्रलाई धन एकत्र गर्ने सुविधा दिनु हुन्न अन्यथा ब्राह्मणलाई दु:ख हुनेछ । (मनु १० र १२९)
२. ब्राह्मणले विश्वासपूर्वक आफ्नो शूद्र सेवकबाट धन लिन सक्दछ, किनकि उसलाई श्रीसम्पत्ति राख्ने अधिकार छैन (मनु,८।४७) ।
३. शूद्रलाई जुठो अन्न र पुरानो वस्त्र र बिछ्यौना दिनुपर्छ (मनु,१०।१२५ ०)
४. शूद्रले ब्राह्मण, क्षत्रिय र वैश्यसँग अनुचित बोल्यो भने उसको जिब्रो काटिदिनुपर्दछ, किनभने उसको उत्पत्ति निम्नबाट भएको हो (मनु, ८।२७७)
५. शूद्रले कसैले वेद पढेको सुन्यो भने उसका कानमा पिँधेको सिसा र लाहा हाल्नु पर्दछ । शूद्रले वेद मन्त्रको उच्चारण गर्‍यो भने उसको जिब्रो काट्नुपर्दछ । शूद्रले वेदमन्त्र कण्ठ गर्‍यो भने उसको शरीरलाई टुक्रा पार्नु पर्दछ (गौतम धर्मसूत्र २।३।४)

उपरोक्त प्रतिनिधि उदाहरण मात्र हुन् । दलित उत्पीडनका थुप्रै यस्ता अलिखित सामाजिक र धार्मिक कानुन र सोद्वारा निर्मित मनोविज्ञान र कुप्रथाका कारण दलितहरू अमानवीय जीवन जिउन बाध्य छन् । राजनीतिकर्मी पढेलेखेका वर्ग नै दलित उत्पीडनमा सक्रिय छन् । कास्ट डिस्क्रिमिनेसनले डिजिटल रूप पनि धारण गरेको छ । अनेकन सूचना र संचारका माध्यमबाट कास्ट डिस्क्रिमिनेसनहरू भइरहेका छन् । जसको साइबर क्राइमअन्तर्गत कानुनी उपचारको प्रबन्ध त गरिएको छ तर त्यति प्रभावकारी बन्न सकेको छैन ।

### जातीय छुवाछूत उन्मूलनमा प्रधानमन्त्रीस्तरीय घोषणा

जातीय छुवाछूत र विभेदजन्य घटना रोक्न प्रधानमन्त्री स्तरबाट पनि थुप्रै घोषणा गरिएका छन् । शेरबहादुर देउवाले विसं २०५८ श्रावण ३२ गते छुवाछूतलाई व्यवहारमै अन्त्य गर्ने घोषणा गरे । त्यस्तै २०६० मा प्रधानमन्त्री सूर्यबहादुर थापाले पनि जातीय भेदभाव र छुवाछूतसम्बन्धी मुद्दालाई सरकारवादी बनाउने निर्णय गराए । २०६५ माघ १२ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचन्ड' ले जनताको नाममा सम्बोधन गर्दै गाविस स्तरसम्म नै छुवाछूत हेर्ने निगरानी केन्द्रको स्थापना गर्ने र छुवाछूत अपराध हेर्ने छुट्टै इजलास स्थापनाको घोषणा गरे । त्यसै गरी छुवाछूतलाई दण्डनीय अपराध मानेर ऐन जारी भएपछि प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय छुवाछूत उन्मूलन समिति गठन हुने व्यवस्था गरे ।

प्रधानमन्त्री माधवकुमार नेपालले २०६६ सालमा नेपालले अन्तरजातीय विवाहलाई प्रोत्साहनस्वरूप एक लाख रकम दिने निर्णय गरे । २०६२-६३ को महान जनक्रान्तिपश्चात् स्थापना भएको गणतन्त्र नेपालको व्यवस्थापिका संसद्ले २०६३ जेठ २१ गते नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गर्‍यो ।

### जातीय छुवाछूतबारे अदालती फैसला

जातीय छुवाछूतजन्य कसुरबारे अदालतले केही सामान्य दण्डसजाय सामान्य मान्छेको हकम छिटफुट गरेको भए पनि यही मङ्सिर ७ गते कास्की जिल्ला अदालतले गरेको फैसला र विख्यात रूकुम नरसंहारको घटनालाई विश्वले नै व्यग्रतापूर्वक हेरेको छ ।

गत पुसमा आफूलाई अपशब्द प्रयोग गरेको र दलित समुदायलाई अपमानित गर्ने जातीय विभेदजन्य कार्य गरेको भन्दै पोखरा महानगर पालिका वडा २४ का वडाअध्यक्ष भरतबहादुर अधिकारीलाई सोही वडाकी कार्यपालिका सदस्य मैया नेपालीले जाहेरी दिएकी थिइन् । सोही मुद्दाको फैसला गर्दै कास्की जिल्ला अदालताकी न्यायाधीश अवनी मैनालीको एकल इजलासले ४ महिना कैद र ७५ हजार जरिवानासहित पीडितलाई १० हजार क्षतिपूर्ति भराउने आदेश दिएको छ ।

क्रमशः पृष्ठ-३....

राष्ट्रियसभा निर्वाचन :

# कांग्रेसका प्रदेश समितिले सबै आकांक्षीको नाम केन्द्रमा पठाइदिने

काठमाडौं/११ माघमा हुने राष्ट्रियसभा निर्वाचनका लागि २३ पुसमा मनोनयन दर्ताको कार्यतालिका छ । राजनीतिक दलहरु अहिले उम्मेदवार छनोटको चरणमा छन् ।

राष्ट्रियसभामा आगामी फागुन २० गते रिक्त हुने १९ पदमा चुनाव हुन लागेको छ । राष्ट्रियसभा सदस्य प्रदेशस्तरमा हुने चुनावबाट निर्वाचित हुन्छन् र यसपटकको चुनावमा सातमध्ये कुनै प्रदेशमा ३ र कुनैमा २ पदका लागि चुनाव हुँदैछ ।

२९ मंसिरमा बसेको कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले १० पुसभित्र तीन जनाको नाम सिफारिस गर्न प्रदेश समितिहरुलाई निर्देशन दिएको छ । प्रदेशले पनि जिल्ला कार्यसमितिलाई तीन जनाको नाम सिफारिस पत्राचार गरेको छ ।

कार्यसम्पादन दिएको समय एक दिन बाँकी रहँदासम्म कुनै पनि प्रदेशले उम्मेदवारको सूची केन्द्रीय कार्यालयमा नपठाएका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।



प्रदेश समितिले कांग्रेसमा जिल्लाबाट सिफारिस भएर आएका नाममध्येबाट तीन जनाको नाम केन्द्रीय कार्यालयमा पठाउनुपर्ने हो । तर जिल्ला समितिले पठाएका नामका अतिरिक्त प्रदेशले योग्य ठहराएका व्यक्ति र जिल्लाले पूर्वाग्रह राखेर नाम नपठाएको बहानामा अन्य व्यक्तिको नाम पनि प्रदेश समितिहरुले केन्द्रम पठाउने तयारी गरेका छन् ।

कांग्रेसको विधान अनुसार तल्लो तहले बढीमा तीन जनाको नाम मात्र उम्मेदवारमा सिफारिस गर्नुपर्नेछ । तर, आंकाक्षी व्यक्तिको नाम छुटेको अवस्थामा अपजस भोग्नुपर्ने भयले जिल्ला तथा प्रदेशले आकांक्षी सबैको नाम माथिल्लो समितिमा पठाउने विगतदेखिकै प्रचलन बनिसकेको छ ।

कोशी प्रदेश समितिले प्रदेशभित्रका १४ जिल्लाबाट आएका सबै नाम केन्द्रमा पठाउने निर्णय गरिसकेको छ । जबकी कोशीमा जम्मा ३ पदका लागि चुनाव हुँदैछ । त्यो पनि सत्तारुढ गठबन्धनले मिलेर चुनाव लड्ने हुनाले कांग्रेसको भागमा कति सिट पर्छ भन्नेसमेत टुंगिएको छैन ।

प्रदेश समितिका अनुसार हालसम्म ९ जिल्लाले आकांक्षीहरुको नाम पठाएका छन् । 'जिल्ला जिल्लाबाट आएका प्रस्तावित नाममा उहाँहरुको पार्टी र राष्ट्रलाई पुर्‍याएको योगदान हेरिन्छ', कोशी प्रदेशका महामन्त्री भूपेन्द्र राईले भने, 'पार्टीको पूर्व र वर्तमान पदलाई आधार मानेर क्रमसंख्याको रुपमा नाम पठाउने निर्णय भएको छ ।'

कोशीबाट केन्द्रीय नेताहरु कृष्णप्रसाद सिटौला, डा. मिनेन्द्र रिजाल, महेश आचार्य, सुजाता कोइराला, गुरुराज घिमिरे, तारामान गुरुङ, उमेशजंग रायमाझी लगायत आकांक्षी छन् ।

मधेशका जिल्लाहरुले अहिलेसम्म प्रदेश समितिमा उम्मेदवार आकांक्षीको नाम सिफारिस गरेका छैनन् । प्रदेश सभापति कृष्ण यादवले जिल्लाहरुबाट नाम आइनसकेकाले केन्द्रमा नाम सिफारिस गर्न केही ढिला हुने बताए । मधेशमा राष्ट्रिय सभा सदस्यको दुई पदमा चुनाव हुँदैछ ।

कांग्रेसको बागमती प्रदेश समितिको सोमबार बसेको कार्यसम्पादन समितिको बैठकले जिल्लाबाट प्राप्त सबै नाम केन्द्रमा पठाउने निर्णय गरेको छ । 'जिल्लाबाट नआएर सिधै आएका नाम पनि थपेर पठाउने निर्णय गरियो', कार्यसम्पादन समितिका एक सदस्यले भने ।

उनका अनुसार बागमती प्रदेशमा राष्ट्रियसभा सदस्यका लागि शीर्ष तहका कुनै नेताको नाम आएकोछैन । नुवाकोट र मकवानपुर जिल्ला समितिले सोमबार दिउँसोसम्म प्रदेशमा नाम पठाएका छैनन् । प्रदेश कार्यसम्पादन समितिका ती सदस्यका अनुसार बागमतीबाट करिब ६० जना आकांक्षीको नाम केन्द्रीय कार्यालयमा पठाउने तयारी छ ।

गण्डकी प्रदेश समितिले उम्मेदवारको नाम सिफारिस गर्न मंगलबार बैठक बोलाएको छ । उपसभापति कल्पना तिवारीले प्राप्त नामहरुमा छलफल गरेर मंगलबार टुंगो लगाउने बताइन् ।

'केन्द्रले तीन जनाको नाम पठाउन भनेको छ । तीन जनाको नाम मात्रै टुंगो लगाउन सकिन्न होला । सबैको नाम पठाइदिन पर्ला', उनले भनिन् ।

लुम्बिनी प्रदेशले पनि जिल्लाबाट प्राप्त सबै नाम केन्द्रमा पठाउने भएको छ । १३० जनाको नाम प्रदेश समितिमा प्राप्त भएको लुम्बिनीका सभापति अमरसिंह पुनले जानकारी दिए । 'जिल्लाबाट नामहरु मागेको हो । केही साथीहरुले प्रदेश कार्यालयमै नाम दिनुभएको छ', प्रदेश सभापति पुनले भने ।

राष्ट्रिय सभाका लागि योग्य, हालसम्म अवसर नपाएका, पार्टीमा लामो समय योगदान गरेका, सामाजिक प्रतिष्ठा भएका लगायतको मापदण्ड हेरिने पुनले बताए । 'नाम सबैको जान्छ, केही व्यक्तिको सबै कुरा खुलाएर सिफारिस गर्छौं', पुनले भने ।

कर्णाली प्रदेश प्रदेश समितिको सोमबार बसे पनि निर्णय भने हुन सकेको छैन । प्रदेश सभापति ललितजंग शाहीले मंगलबार नाम सिफारिसको निर्णय हुने बताए । 'आएका नाम सबै पठाउने कि सेलेक्सन गर्ने सकस छ । गठबन्धनबाट कांग्रेसले कुन क्लष्टर पाउने निर्णय हुन नसक्दा नाम पठाउन अलमल छ', प्रदेश सभापति शाहीले भने ।

कर्णालीमा राष्ट्रियसभा सदस्यमा अन्य, दलित र महिला क्लस्टरका गरी तीन पदमा चुनाव हुँदैछ । प्रदेश सभापति शाहीले मंगलबार बस्ने बैठकले आकांक्षीहरुको सबै नाम केन्द्रीय कार्यालयमा पठाउने सम्भावना रहेको बताए ।

सुदूरपश्चिमले जिल्लाले पठाउने सबै नाम केन्द्रमा पठाउने सभापति वीरबहादुर बलायरले बताए । आकांक्षा राख्ने सबैको नाम सिफारिस गर्नुमा आर्थिकको कारण पनि रहेको केन्द्रीय तहका एक नेताले बताए । उम्मेदवार हुन इच्छुकले अनिवार्य लेवी तिर्नुपर्छ ।

'कांग्रेसमा लेवी वर्षौं नतिर्ने बानी छ । पार्टीलाई बुझाउनुपर्ने रकम जम्मा नगरे सिफारिस गर्दिन भन्न सक्छन्', केन्द्रीय नेता भन्छन्, 'सिफारिसमा पर्न लेबी तिर्छन् । जिल्ला र प्रदेशको खातामा पैसा जम्मा हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'पर्खि बसें तिमीलाई' ट्रेलरमा प्रेम र विछोडको कथा

काठमाडौं/यही पुष २७ गतेबाट प्रदर्शनमा आउन लागेको दीपक श्रेष्ठ निर्देशित फिल्म 'पर्खि बसें तिमीलाई'को ट्रेलर सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक ट्रेलर नव-अभिनेता किरण श्रेष्ठ र नव-अभिनेत्री रक्षा बुढाथोकीबीचको प्रेममा आउने उतार-चढावमा केन्द्रित छ । ट्रेलरमा अभिनेता शिव श्रेष्ठ रिसाहा पिताको रुपमा चित्रित छन् भने विल्सन विक्रम राईलाई कमेडी शैलीमा प्रस्तुत गरिएको छ ।



राजाराम बुढाथोकीको निर्माण र कोमल गुरुङको सह-निर्माण रहेको फिल्ममा अनिशा र साइली, मनिष श्रेष्ठ आदिको पनि अभिनय छ । फिल्ममा शम्भुजित बाँस्कोटा, दीपक शर्मा, महेश खड्का र बाबुल गिरीको संगीत, संकल्प भुजेलको छायांकन, परिच्छेद सेन, मौनता श्रेष्ठ र पुरुषोत्तम ढुंगेलको लेखन, भुपेन्द्र अधिकारीको सम्पादन, निशा रसाइली र रामजी लामिछानेको कोरियोग्राफी छ ।

निर्देशक श्रेष्ठले किरण र रक्षामा क्षमता देखेर नै डेब्यू गराएको बताएका छन् । दुवैको अभिनय निकै परिपक्व रहेको उनको दाबी छ । उनले यसअघि फिल्म 'पर्खि बसें'बाट राजबल्लभ कोइराला र युना उप्रेतीलाई डेब्यू गराएका थिए । दुई दशकअघिको सफल फिल्म 'बादलपारी'को चर्चित गीत 'कालो चश्मा लाऊ है मैयाँ विशाल बजारको'लाई रि-एरेञ्ज गरेर फिल्ममा समावेश गरिएको छ ।

# हलमा किन फेरियो 'हात्तीछाप' टिजर ?

काठमाडौं/कुनै ठूलो नेपाली र विदेशी फिल्म प्रदर्शनमा आउँदा प्रदर्शनको संघारमा रहेका नेपाली फिल्मको टिजर तथा ट्रेलर हलमा देखाइने गरिएको छ । यसले धेरै दर्शकमा फिल्मको जानकारी पुग्ने विश्वास नेपाली निर्माताहरुमा छ । दर्शकलाई फिल्मप्रति आकर्षित गर्न युट्युब रिलिजमा नसमेटिएका दृश्य समेत हलमा देखाइने गरिन्छ । फिल्म 'हात्तीछाप'का मेकरले पनि यही शैली अपनाएका छन् ।



आगामी माघ २६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको यो फिल्मको टिजर एक महिनाअघि नै युट्युबमा रिलिज भैसकेको छ । हलमा भने यो हप्ताबाट प्रदर्शनमा आएका दुई भारतीय फिल्म 'डंकी र सलार'सँग टिजर देखाइएको छ । युट्युबमा रिलिज भएको टिजरभन्दा हल टिजर केही फरक छ । र, दर्शकले पनि हलमा सार्वजनिक फिल्मको कमेडीयुक्त टिजरलाई बढी रुचाएका छन् ।

निर्माता किरण नेपालीले हलमा टिजर बज्दा दर्शकबाट हुटिङ र ताली आउने गरेको बताएका छन् । 'हलमा सार्वजनिक टिजरलाई दर्शकले रुचाएको पायौं । टिजरका पञ्चलाइनमा दर्शकहरु रमाएका छन् । विशेषगरी सौगात मल्लको गेटअप र संवाद दर्शकलाई बढी मन परेको छ,' उनले भने । हलमा टिजरलाई मिलेको प्रतिक्रियाले फिल्मप्रति अझ आत्म विश्वास बढेको किरणको भनाई छ ।

सिमोस सुनुवार निर्देशित फिल्ममा सौगातका साथै दयाहाङ राई, उपासना सिंह ठकुरी, विल्सन विक्रम राई, बेनिशा हलमा, बिजय बराल, बुद्दि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, प्रकाश घिमिरे, भोलाराज सापकोटा, बिनोद न्यौपाने, कबिता आले, सुष्मा निरौला, रीयर राई आदिको पनि अभिनय छ । 'हात्तीछाप'मा सुशान्त प्रजापतिको छायांकन र प्रदीप भारद्वाजको लेखन रहेको छ ।

# रुकुम घटनाको न्यायिक...

जातीय छुवाछूत तथा भेदभावसम्बन्धी (कसुर र सजाय) ऐन २०६८ बमोजिम ३ महिना कैद र ५० हजार जरिवाना भए पनि सार्वजनिक पद धारण गरेको व्यक्तिलाई थप ५० प्रतिशत सजायको व्यवस्था भएका कारण बाँकी सजाय र जरिवाना गरिएको छ । देख्दा र सुन्दा सामान्य देखिए पनि यो कानुनी फैसलाले कानुनी राज र सुशासनको प्रत्याभूति दलित समुदायलाई दिएको छ ६० लाख दलितले कानुन आफ्नो लागि पनि भएको अनुभूत गरेका छन् । कानुन सबैका लागि भएको दृष्टान्त थपिएको छ । पीडित समुदाय, मानव अधिकारवादी र न्यायप्रेमीलाई राहत मिलेको छ ।

> जातीय छुवाछूतजन्य कसुरबारे अदालतले केही सामान्य दण्डसजाय सामान्य मान्छेको हकम छिटफुट गरेको भए पनि यही मङ्सिर ७ गते कास्की जिल्ला अदालतले गरेको फैसला र विख्यात रुकुम नरसंहारको घटनालाई विश्वले नै व्यग्रतापूर्वक हेरेको छ ।

### रुकुमपश्चिम जिल्ला अदालतको फैसला न्यायिक इतिहासको टर्निङ पोइन्ट

मङ्सिर १९ नेपालको इतिहास र दलित उत्पीडित वर्गका लागि आजसम्मकै सबभन्दा खुसीको दिन हो । नेपालको न्यायिक इतिहासमा नै पहिलो पटक २३ जनालाई जन्म कैदको फैसला गरेको दिन सामान्य दिन होइन । ६ जना होनहार युवाको सामूहिक कत्लेआम गरी मानवीय सभ्यताको मूल भेरी नदी मानव रगत र दलित समुदायको लासले बीभत्स देखिएको घटनाको न्यायिक निरूपण युग परिवर्तनको फड्को हो । अब कुनै पनि दलित समुदायले जातीय अपमान पीडा र भेदभाव भोग्नु नपरोस् ।

मानवीय मूल्य र मर्यादामा जातको तहखात निर्माण गरेर जुन भूल र अपराध हजारौ वर्षदेखि हुँदै आयो त्यो पापको अनन्त शृंखला थियो । माननीय न्यायाधीश डम्बर बहादुर केसीले इतिहास सच्याउने र मानवीय बन्ने फैसला गरेर मानव मर्यादाको शिर उँचो बनाएका छन् । जन्म जात र कोखकै आधारमा आजको युगमा पनि विभेद हुनु राष्ट्रिय र अन्तर्राष्ट्रिय लज्जाको विषय थियो ।

एउटा समुदायमा जन्मेकै कारण संरचनात्मक लाभ लिएर उच्च हुने अनि अर्को समुदाय जन्मकै आधारमा अमानवीयताको सिकार भएर सधैं अपमानित, हीनताबोध गर्दै त्रस्त र भयमा बाँच्नु पर्ने ? सोती घटना इतिहासको ठुलो घाउ हो । जुन घाउ अब कोट्याएर होइन मलमपट्टी लाएर राख्नुपर्छ र त्यस्ता दर्दनाक घाउ मात्र होइन, जातीय विभेदको सानो कोपराइ र चिथोराइको पनि नामोनिसान नराख्ने गरी इतिहासको गर्तमा पुरेर शान्ति, सद्भाव, सहचार्य, सहप्रेम र समायोजनमा समाजलाई नयाँ लिकबाट हिँडाउने सङ्कल्प गर्नु पर्छ ।

रुकुम जिल्ला अदालतको फैसला नवराज विकलगायत मारिएका ६ जनाको आत्माको शान्तिका लागि मात्र होइन, आजसम्म अन्यायपूर्वक मारिएका इतिहासको गर्तमा छोडिएका तमाम न्यायप्रेमी मान्छेको आत्मा शान्तिको लागि बालिएको मानवताको दियो हो । कास्की र रूकुमपश्चिमले आँधी र तुफानबिच जोगाएको न्याय र निष्ठाको दियोमा सबै मानवतावादीले आआफ्नो ठाउँबाट तेल थप्दै जानुपर्छ । मानवीय सभ्यताको मूलमा अमानवीय घाउ चोट लाउने छुट अब कसैलाई छैन । विविधतामा फुलेका र बाँचेका सबै फूललाई समान अवसरले फुल्ने, फल्ने र सुवासित हुने अवसर छ ।

न्यायाधीशद्वय अवनी मैनाली र खड्गबहादुर केसीले रचेको न्यायिक फैसलाको दूरगामी असर र प्रभावले वर्तमान पुस्ता त ज्यादै खुसी भयो । पछि नेपालको सामाजिक र कानुनी इतिहास पढ्ने र दलित उत्पीडनको आङ सिरिङ्ग हुने कथा पढ्ने भावी पुस्ताले पटक पटक स्मरण गर्दै कोटिकोटि नमन टर्क्याउने छ । मानव अवतारका भगवान भनेर बन्दना गर्नेछ । गैरदलित समुदायले हजारौं वर्षदेखि गरेको उत्पीडनको कलङ्क मेट्ने सङ्कल्प भनेर स्मरण गर्ने छ ।

मानवीय कलङ्क मेटने विवेकी हिम्मतवाला र दूरदर्शी आदर्श मानव सम्झने छ । इतिहास त्यसैको हुन्छ, जसले नव इतिहासको रचना गर्दछ । नेपालको नयाँ इतिहासको मानक नवराजहरूको बलिदानबाट सुरु भएको छ । अब फेरि नवराजहरू कहिल्यै मारिनु हुँदैन । अब अजित मिजारलगायत दलनको चक्रमा परेका सबैको न्यायको ढोका खुल्नुपर्छ ।

नवराजहरू फेरि पनि मारिए भने इतिहासले हामीलाई कहिल्यै माफी दिन नसक्ने गरेर धिक्कारिरहन्छ । इतिहासमा गर्तको पात्र र स्मरणीय पात्र बन्ने कि धिक्कार र दुत्कारिने पात्र बन्ने गैर दलितको सामु यक्ष प्रश्न छ । इतिहासलाई न्याय दिन पनि गैर दलितको समानुभूति गर्दै दलितको न्यायिक लडाइँलाई साथ दिनु जरुरी छ ।

*जयहोस् माननीय न्यायाधीश खड्गबहादुर मल्लको ।*
*जय होस् माननीय न्यायाधीश अवनी मैनालीको ।*

न्यायको मन्दिरमा रुकुममा वर्षीए झैं फूलमाला बर्सियोस् । न्यायको पवित्र मन्दिरका रूपमा अदालतको आस्था चुलियोस् । कहिल्यै ननिभ्ने न्यायको ज्योति आदालतको आँगनमा बलिरहोस् । कुकर्मीहरू कानुनको फन्दामा यसरी नै पर्दै जाऊन । आस्थाले अदालत ढोग्नेहरूको ताँती लागोस् । अपराध र कुकर्मको कुनै जात, धर्म, दर्शन र विचार हुँदैन । तसर्थ अपराधलाई छोप्ने, ढाक्ने र उम्काउने काम नगरौं ।

*(साभार: रातोपाटी)*

# दुई सय ६४ स्थानमा बस बिसौनी निर्माण गर्दै काठमाडौं महानगर

काठमाडौं/काठमाडौं महानगरपालिकाले सडक सुरक्षा कायम राख्नका लागि दुई सय ६४ स्थानमा बस बिसौनी निर्माण गर्ने भएको छ । यसका लागि कामपाले चालु आर्थिक वर्षमा रु १३ करोड बजेट विनियोजन गरेको छ ।

कामपाले यस वर्ष प्रत्येक चोकबाट पाँच सय मिटर अगाडि वा कम्तीमा दुई सय मिटर पछाडि यस्तो किसिमको बस बिसौनी निर्माण गर्न लागेको कामपाको ट्राफिक विज्ञ सल्लाहकार जगतमान श्रेष्ठले जानकारी दिए ।

अहिले सञ्चालन भइरहेको केही र अन्य केही स्थानमा थप गरी बस बिसौनी विस्तार गर्न खोजिएको सल्लाहकार श्रेष्ठले भने । उनले भने, 'चोकमा नै बस बिसौनी निर्माण गर्दा थप दुर्घटना बढेको भन्दै चोकको पाँच सय मिटर अगाडि वा दुई सय मिटर पछाडि निर्माण गर्न लागिएको हो, जुन आधुनिक हुन्छ, जहाँ नि:शुल्क रुपमा इन्टरनेटको प्रयोग गर्न पाइन्छ ।'

जहाँ कुन रुटको बस कहाँ आइपुग्यो र अब यात्रुले कति समय पर्खनुपर्छ बन्नेबारे समेत जानकारी लिन सकिने व्यवस्था गर्न लागिएको छ । यसरी निर्माण गरिने बस बिसौनीमा एकपटकमा तीनवटासम्म बस रोक्न मिल्ने बनाउने तयारी रहेको छ । बस बिसौनी निर्माणका लागि बोलपत्र आह्वान गर्ने अन्तिम तयारी भइरहेको र त्यसपश्चात् काम सुरु हुने कामपाको भनाइ छ ।

त्यसैगरी, बसको रुट मिलाउने, सडक बत्ती विस्तार गर्दै जाने, एकतर्फी सडकहरुको व्यवस्थापन गर्ने, मोटरसाइकल ग्यारेज सञ्चालनका लागि मापदण्ड बनाउने, सडकमा कोन र डिभाइडरको व्यवस्थापन गर्ने, पेट्रोल पम्प व्यवस्थापन गर्ने, सडक सङ्केत र चिह्न व्यवस्थापन गर्नेलगायत काम गर्ने तयारीसमेत भइरहेको बताइएको छ ।

यससँगै दैनिक उपभोग्य वस्तुको ढुवानी, मालवाहक सवारी, विद्यालयका बसहरुको समय निर्धारण गर्ने, पार्किङ व्यवस्थापन गर्ने, विद्यालयमा यातायात प्रणालीसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने पनि कामपाको तयारी छ ।

सल्लाहकार श्रेष्ठले सडकमा सङ्केत चिह्नहरु मिलाउन तत्काल काम थाल्नुपर्ने बताए । 'यस्ता चिह्नहरु आधिकारिक निकायले मात्र राख्नुपर्ने, अध्ययन गरेरमात्र राख्नुपर्ने भएकाले कामपाले अध्ययनको काम भइरहेको छ,' उनले भने ।

सडक चिह्नहरु देखिने र स्पष्ट हुनुपर्छ । बुझ्न सजिलो हुनुपर्छ । प्रोत्साहन दिने खालका हुनुपर्छ । चालु आवमा कामपाको अधिकार क्षेत्रमा पर्ने यातायात क्षेत्रको सुधारका लागि रु ४४ करोड छुट्याइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# बैंकिङ प्रणालीबाट ३५ अर्ब तरलता खिच्दै राष्ट्र बैंक

काठमाडौं/नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीबाट ३५ अर्ब तरलता खिच्ने भएको छ । ११ पुस बुधबार निक्षेप संकलन उपकरण बोलकबोल मार्फत १४ दिनको लागि ३५ अर्ब तरलता बैंकिङ प्रणालीबाट खिच्न लागिएको राष्ट्र बैंकले जनाएको छ । ८ पुसमा १० अर्बको निक्षेप संकलन उपकरण परिपक्क भएको थियो । त्यसबाहेक पनि राष्ट्र बैंकले ३ वटा निक्षेप संकलन उपकरण मार्फत ६० अर्ब तरलता खिचेको छ । बुधबार थप ३५ अर्बको निक्षेप संकलन उपकरण बोलकबोल गर्न लागेको हो ।

६ पुसमा २५ अर्बको निक्षेप संकलन उपकरण बोलकबोल गर्दा ४५ अर्बको प्रस्ताव आएको थियो । उक्त निक्षेप संक्लन उपकरणको ब्याजदर अधिकतम २.९४ प्रतिशत र न्यूनतमा २.२५ प्रतिशत प्रस्ताव गर्दा औसत २.७६३५ प्रतिशत कायम भएको राष्ट्र बैंकले जनाएको छ । राष्ट्र बैंकले बैंकिङ प्रणालीमा अधिक तरलता भएपनि निरन्तर निक्षेप संकलन उपकरण बोलकबोल गर्दै आएको छ ।

# 'डिग्री माइला'को सेड्युल सर्दा 'वरिष्ठ बलराम' धकेलियो

काठमाडौं/निर्देशक रामबाबु गुरुङको नयाँ फिल्म 'डिग्री माइला'मा अभिनेता दयाहाङ राई मुख्य भूमिकामा छन् । फिल्मको पहिलो चरणको छायांकन भैसकेको छ । दोस्रो चरणको छायांकन भने यही मंसिर पहिलो साताबाट सुरु गर्ने तयारीमा निर्माण टिम थियो । तर, गत कात्तिकमा घाइते भएका कलाकार प्रकाश घिमिरेलाई उभिएर छायांकन गर्न समस्या भएकाले फिल्मको सेड्युल धकेलिएको छ ।



'डिग्री माइला'को सेड्युल सर्दा दयाहाङको पाइपलाइनमा रहेका एक दर्जन बढी फिल्महरुको छायांकन सेड्युल अस्तव्यस्त बनेको छ । यही पुषबाट छायांकन गर्न लागिएको फिल्म 'वरिष्ठ बलराम' समेत अब चैतमा पुगेको छ । यो फिल्म धकेलिनुमा स्क्रिप्ट पनि एउटा कारण हो । किनकि, यतिबेला स्क्रिप्ट लेखनको काम भैरहेको छ । जाडोले गर्दा पनि फिल्मलाई चैतमा खिच्न लागिएको हो ।

'कृ' निर्देशक सुरेन्द्र पौडेलको निर्देशन रहने फिल्ममा खगेन्द्र लामिछानेको लेखन छ । उनी स्वयं पनि मुख्य भूमिकामा देखिँदैछन् । दयाहाङ र खगेन्द्रको अपोजिटमा भने अभिनेता दीलिप रायमाझीकी छोरी दिव्या रायमाझी हुनेछिन् । यही फिल्मबाट अभिनेत्रीको रुपमा डेब्यू गर्न लागेकी उनी अहिले अमेरिकामा छिन् । उनी माघमा फिल्मको तयारीका लागि नेपाल आउने जानकारी प्राप्त छ ।

लामो समयदेखि उनको सुन्दरतालाई लिएर चर्चा भैरहेको छ । उनलाई धेरै फिल्मबाट अफर समेत पुगेको थियो । तर, अध्ययनका कारण उनले प्रस्ताव नकारेकी थिइनन् । अब उनी 'वरिष्ठ बलराम'बाट अभिनयको परीक्षा दिने तयारीमा छिन् । यो फिल्मका लागि उनलाई निर्माता रोहित अधिकारीले १० लाख पारिश्रमिक दिएका छन् । फिल्मलाई आगामी तीजमा प्रदर्शन गरिने जनाइएको छ ।

# 'ह्रस्व दीर्घ'मा भित्रिए सञ्चितादेखि प्रशान्तसम्म

काठमाडौं/अभिनेत्री नीता ढुंगाना र अभिनेता तथा युवा ज्योतिष हरिहर अधिकारीको डेब्यू निर्माण फिल्म 'ह्रस्व दीर्घ'को यतिबेला चितवनस्थित सौराहा क्षेत्रमा दोस्रो चरणको छायांकन भैरहेको छ । पहिलो चरणको छायांकन भने अघिल्लो वर्षको माघ अन्तिममा भारतस्थित प्रतिष्ठित 'रामोजी फिल्म सिटी'मा भएको थियो । नेपालमा फिल्मको करिब एक महिनासम्म छायांकन गरिने जानकारी प्राप्त छ ।

दोस्रो चरणको छायांकन सुरु भएसँगै फिल्ममा थप केही कलाकारहरु भित्रिएका छन् । नीताले आइतबार फेसबुकमार्फत् अभिनेत्री सञ्चिता लुइँटेल, अभिनेताहरु प्रशान्त ताम्राकार, किरण केसी र बुद्धि तामाङ फिल्ममा अनुबन्धित भएको जानकारी गराएकी हुन् । फिल्ममा नीता र हरिहरको पनि मुख्य भूमिका छ । साथै, विपना थापा, सलोन बस्नेत, गरिमा शर्मा लगायत पनि कलाकारमा छन् ।

फिल्ममा भारतीय कलाकारहरु ब्रह्मानन्दम, अली, 'गजनी' भिलेन प्रदीप रावत समेत महत्त्वपूर्ण भूमिकामा देखिँदैछन् । ब्रह्मानन्दम र अलीको भारत सेड्युलमै छायांकन पूरा भैसकेको छ भने प्रदीपराज केही दिनमा नै नेपाल आउँदैछन् । फिल्ममा उनी नीताको पिताको भूमिकामा देखिने जानकारी प्राप्त छ । फिल्मका निर्देशक चन्द्र पन्त हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरगढीको रानीसेरामा खाद्यबाली जुनेलो संकलन

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/खाद्य सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण मानिएको खाद्यान्न बाली जुनेलो 'कोङग्रे'को खरिद तथा संकलनको कार्य सुरुवात भएको छ ।



जुनेलोको क्षेत्रफल दिनानुदिन घट्दै गइरहेको अवस्थामा यसको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि मकवानपुरगढी गाउँपालिकाले खरिद तथा संकलन कार्यको सुरुवात गरेको हो । विश्वमा मुख्य खाद्यान्न बालीको रुपमा रहेको गहुँ, धान, मकै र जौ पछिको महत्वपूर्ण बालीको रुपमा जुनेलो रहेको छ । जुनेलोलाई स्थानीय तामाङ भाषामा कोङग्रे भनिन्छ । जुनेलोको रोटी, ढिँडो, जुनेलोको लड्डु, जुनेलो भुटेर र जाँडलगायतका परिकार बनाएर यसको उपभोग गर्न सकिने गाउँपालिकाको कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीले बताए ।

यसअघि ४ नम्बर वडामा कोदो र ८ नम्बर वडाको बुढीचौरमा फापर खरिद तथा संकलन सुरु गरेको मकवानपुरगढी गाउँपालिकाले सोमबारबाट रैथानेबालीको प्रवर्द्धन गर्ने सिलसिलामा गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान र वडा नम्बर १ का वडाअध्यक्ष आईतसिं लोको उपस्थितिमा १ नम्बर वडास्थित रानीसेरामा जुनेलो खरिद तथा संकलनको कार्य सुरु गरिएको हो । अध्यक्ष स्याङ्तानले रानीसेराका कृषक लालबहादुर भोम्जनलाई चेक हस्तान्तरण गरी जुनेलो खरिदको कार्य सुरुवात गरेका हुन् ।

मकवानपुरगढी गाउँपालिका-१ को रानीसेरा, रानीडाँडा, आँपटार, ढापलगायतका क्षेत्रमा कृषकले जुनेलो लगाउँदै आइरहेका छन् । मकवानपुरगढी-४, स्थित अपाङ्ग तथा विपन्न कृषि सहकारी संस्थाले गाउँपालिकाबाट तोकिएको मूल्य ८४ रुपैयाँमा अनुदान रकम समेत थप गरी प्रतिकेजी ९० रुपैयाँको दरले जुनेलो खरिद गरिएको सहकारीका सचिव कृष्णबहादुर घलान (मुस्कान) ले जानकारी दिए । रानीसेरामा सोमबार पहिलो दिन ८ जना कृषकबाट ६ सय ५३ केजी जुनेलो खरिद भएको छ ।

जुनेलो बिक्री गर्ने कृषकमध्ये मकवानपुरगढी-१ रानीसेराका कृषक लालबहादुर भोम्जनले सबैभन्दा बढी १ सय ८१ केजी जुनेलो बिक्री गरेका छन् । गतवर्ष कृषकले जुनेलो प्रतिकेजी ६५ देखि ७० रुपैयाँमा बिक्री गरेकोमा यसवर्ष गाँउपालिकाले मूल्य तोकिदिएर अनुदान समेत व्यवस्था गरी प्रतिकेजी ९० रुपैयाँका दरले पाएकोमा कृषक खुशी र उत्साहित भएको वडाअध्यक्ष लोले जानकारी दिए । उनले अगामी वर्ष वडा नम्बर-१ मा जुनेलो लगाउने कृषकको संख्यामा वृद्धि हुनुको साथै क्षेत्र विस्तार र बाँझो जमिन समेत उपयोगमा आउने विश्वास व्यक्त गरेका छन् ।

# पालुङ जेसीजको अध्यक्षमा रायमाझीको उम्मेदवारी घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/पालुङ जेसीज वर्ष २०२४ को अध्यक्ष पदका लागि निरज रायमाझीले उम्मेदवारी घोषणा गरेका छन् । थाहा नगर पालिका-३ शिखरकोट निवासी रायमाझी विगत ७ वर्षदेखि जेसीस अभियानमा सक्रिय छन् ।

२०१७ मा पालुङ जेसीजको सदस्य भई सञ्चार संयोजकको जिम्मेवारी सम्हालेका रायमाझीले २०१८ र २०१९ मा साधारण सदस्य, २०२० मा उपाध्यक्ष, २०२१ मा कोषाध्यक्ष, २०२२ मा महासचिवको जिम्मेवारी पुरा गरि सकेका छन् ।

हाल वर्ष २०२३ मा कार्यसमितिको कानुनी सल्लाहकारको जिम्मेवारीमा रहेका रायमाझी एकवर्ष, एकव्यक्ति, एकपदको सिद्धान्त अनुसार आफूले अध्यक्ष पदमा उम्मेदवारी दिन लागेको बताउँछन् । जेसीज अभियानअन्तर्गतको ५ वटा राष्ट्रिय महाधिवेशन, ५ वटा क्षेत्रीय सम्मेलन सहित जेसीजका विभिन्न तालिम पूरा गरेका रायमाझीले पालुङ जेसीज वर्ष २०२४ लाई उत्कृष्ट वर्ष बनाउने बताए ।

सामाजिक कार्यमा क्रियाशील रायमाझी लायन्स क्लव अफ थाहा पिसको वर्ष २०२३ र २०२४ को सचिव, शिखर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कोषाध्यक्ष, शिखर बजार व्यवस्थापन समितिको कार्यसमिति सदस्य, थाहानगर उद्योग वाणिज्य संघको साधारण सदस्य छन् । वर्ष २०२३ को लागि अध्यक्ष पदमा उम्मेदवारी दिएका रायमाझीले सहमति र सहकार्यको अवधारणालाई आत्मसाथ गर्दै वर्तमान अध्यक्ष संगम कार्कीलाई समर्थन गरेका थिए ।

पालुङ जेसीजको साधारण सभा पुस १३ गते शुक्रबार शिखर कोटमा हुँदैछ । साधारणसभाबाट नयाँ कार्यसमिति चयन र वर्ष २०२३ को गतिबिधिसहितको प्रतिवेदन, आर्थिक प्रतिवेदन छलफलसहित अनुमोदन हुनेछ । सन् २००० मा स्थापना भएको पालुङ जेसीजको निर्वाचन कार्यक्रम पुस ९ गते सोमबार प्रकाशन गरिएको छ । मतदाता नामावली प्रकाशन भइसकेको र आज मंगलबार उम्मेदवारी दर्ताको कार्यक्रम रहेको निर्वाचन आयुक्त जयराम खत्रीले बताए ।

# बागमतीमा विश्वविद्यालय र प्रतिष्ठान खोल्न सात शैक्षिक संस्था इच्छुक




साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/बागमती प्रदेशमा विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि सात वटा शैक्षिक संस्था इच्छुक देखिएका छन् ।

सामाजिक विकास मन्त्रालय मातहत रहेको प्रदेश उच्चशिक्षा परिषद्को सचिवालय, हेटौंडामा सातवटा शैक्षिक संस्थाले आवेदन दिएका हुन् । विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना गर्न प्रक्रिया अगाडि बढाएको परिषद्ले अन्य सामुदायिक एवम् सार्वजनिक शैक्षिक संस्थाले समेत आवेदन दिन इच्छा देखाएको भन्दै आवेदन दिने म्याद अरु एक महिना थप गरेको थियो तर, सो अवधिमा धादिङ जिल्लाको चन्द्रोदय बहुमुखी क्याम्पसको मात्र आवेदन परेको मन्त्रालयका सचिव डा. भीष्मकुमार भुषालले बताए ।

परिषद्ले विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न आवेदन दिने म्याद थप गर्दै दोस्रोपटक आवेदन दिनसक्ने क्षेत्र र विषयसमेत थप गरेको थियो । परिषद्ले पछिल्लो पटक विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न खेलकुद र पर्यटन क्षेत्र थप गर्दै गत कात्तिक १९ गते सूचना जारी गरी पुन: आवेदन माग गरेको जनाएको छ ।

परिषद्ले पछिल्लो पटक म्याद र क्षेत्र थप गर्दै विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न आवश्यक मापदण्ड तथा पूर्वाधार पुगेका इच्छुक क्याम्पस वा शैक्षिक संस्थामध्ये स्वास्थ्य/चिकित्सा विज्ञान, विज्ञान प्रविधि (इन्जिनियरिङसमेत), कानुन, पर्यटन र खेलकुदको क्षेत्रमा विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना गर्न आवेदन माग गरेको थियो ।

यसअघि गत असोज ७ गते विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न इच्छुक क्याम्पस वा शैक्षिक संस्थामध्ये स्वास्थ्य, सूचना प्रविधि (इन्जिनियरिङ समेत) र कानुन क्षेत्रमा आवेदन माग गरेको थियो ।

पहिलो पटक मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा, धुलिखेल हस्पिटल, धुलिखेल, काठमाडौं स्कुल अफ ल, सूर्यविनायक, भक्तपुर, बानेश्वर बहुमुखी क्याम्पस, काठमाडौं, मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साइन्स काठमाडौं र डिडब्लुआइटी कलेज, काठमाडौंले आवेदन दिएका थिए । मकवानपुर बहुमुखी क्याम्पसले सार्वजनिक विश्वविद्यालय, धुलिखेल अस्पतालले सामुदायिक विश्वविद्यालय, बानेश्वर बहुमुखी क्याम्पस, काठमाडौं र मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साइन्स काठमाडौंले मानित विश्वविद्यालय तथा काठमाडौं स्कुल अफ ल, भक्तपुर र डिडब्लुआइटी कलेज, काठमाडौंले प्रतिष्ठान स्थापनाका लागि आवेदन दिएका हुन् ।

मन्त्रालयका सचिव भुषालले यसअघि आवेदन दिएका ६ वटा सामुदायिक एवम् सार्वजनिक शैक्षिक संस्थाको प्रस्तावसहित आवेदनमाथि प्रारम्भिक छलफल अध्ययन भएको बताए । प्रदेश उच्चशिक्षा परिषद्को सचिवालयले प्रदेश उच्चशिक्षा ऐन २०७८ को अनुसूचीमा व्यवस्था भएको विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि आवश्यक पर्ने मापदण्ड तथा पूर्वाधार पुगेका इच्छुक क्याम्पस तथा शैक्षिक संस्थासँग आवेदन माग गरेको हो ।

# अटिजमबाट मकवानपुरमा ७७ जना, प्रदेशभर एक हजार बढी पीडित

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/मस्तिष्क अपाङ्गताको अवस्था मानिने अटिजमको समस्याबाट बागमती प्रदेशमा एक हजार जनाभन्दा बढी पीडित बनेको तथ्यांक रहेको छ ।

नेपालमा नौलो र फरक स्वास्थ्य समस्याको रुपमा देखिएको अटिजम बागमतीको १३ वटै जिल्लामध्ये काठमाडौं र ललितपुर बाहेक अन्य जिल्लामा १ हजार बढी भेटिएका हुन् । बागमतीमा अटिजमबाट ग्रसित हुने पुरुषको तुलनामा महिला बढी रहेको स्वास्थ्य मन्त्रालय बागमती प्रदेशले जानकारी दिएको छ । मन्त्रालयले अटिजमसम्बन्धी जनचेतनाको अभावमा अटिजमको पहिचान र निदानको समस्या भएपछि प्रदेशमा अटिजमको विद्यमान अवस्था र अटिजमको सम्बन्धमा जनस्वास्थ्य क्षेत्रले गर्न सक्ने सम्बोधनका बारेमा छलफल सुरु गरेको छ ।

स्वास्थ्य मन्त्रालयका विशेषज्ञ चिकित्सक डा. साकार खनालले यस प्रदेशमा अटिजम भएका सबैभन्दा बढी काठमाडौंमा ४ सय ९५ र चितवनमा १ सय १३ जना रहेको जानकारी दिए । ललितपुरमा ८३, भक्तपुरमा ७८, मकवानपुरमा ७७, काभ्रेपलाञ्चोकमा ७५, धादिङमा ७०, नुवाकोट र सिन्धुली जिल्लामा ६५/६५, सिन्धुपाल्चोकमा ५४, दोलखामा ३३, रामेछापमा २८ जना, रसुवामा १७ जना अटिजम भएको पाइएको छ । जनगणाना अनुसार नेपालमा दुई हजार ६ सय २८ जना महिलासहित चार हजार ८ सय ८६ जनामा अटिजम भएको छ ।

भौगोलिक अवस्था अनुसार हिमालमा २ सय १० महिलासहित ३ सय २८ जना, पहाडमा एक हजार १ सय ५० जना महिलासहित दुई हजार २ सय २९ जना र मधेशमा एक हजार २ सय ६८ महिलासहित दुई २ सय २९ जनामा अटिजम भएको तथ्यांक छ । मन्त्रालयका विशेषज्ञ चिकित्सक खनालले विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार प्रत्येक सय जनामा एकजनामा अटिजम भएको पाइन्छ ।

काठमाडौं उपत्यका र चितवनमा मात्र अटिजमको खोज र निदान गर्न सकिने संस्था र पूर्वाधार भएकोले त्यहाँ बढी संख्यामा देखिएको खनालले बताए । अन्यत्र पूर्वाधार लगायत जनचेतनाको अभावमा अटिजम भएकाको पहिचानमा समस्या देखिएको उनको भनाई छ । अटिजमलाई एक जटिल प्रकारको मस्तिष्कको विकासात्मक तथा जन्मजात अपाङ्गता मानिन्छ । शारीरिक रुपमा अपाङ्गता स्पष्ट नहुने र व्यावहारिक रुपमा मात्र चिनिने भएकोले यो अवस्था सानो उमेरमा पत्ता लगाउन समस्या हुने गरेको बताइन्छ ।

# उद्घोषण तथा नेतृत्व विकास तालिम समापन

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/हेटौंडा-५ पिप्लेमा आयोजना गरिएको १२ दिने उद्घोषण तथा नेतृत्व विकास तालिमको समापन भएको छ । युवावर्गलाई उद्घोषणसम्बन्धी तालिम प्रदान गरी सीपमा वृद्धि विकास गर्न सहयोग पुऱ्याएर आत्मनिर्भर बनाउने उद्देश्यले तालिम आयोजना भएको थियो ।

लालित्य सेवा प्रतिष्ठानको आयोजनामा मंसिर २८ गतेबाट सुरु तालिमको सोमबार समापन गर्दै हेटौंडा उपमहानगरका उपमेयर राजेश बानियाँले दक्ष जनशक्ति उत्पादनमा तालिम प्रशिक्षणको आवश्यक्ता रहेको बताए । उपमहानगरबाट पनि सीपमुलक तालिमका लागि काम गरिरहेको बताउँदै उनले सबैको लक्ष्य दक्ष जनशक्ति उत्पादन गरेर आयअर्जनमा जोडदिनु रहेको बानियाँले बताए ।

बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा आयोजित तालिममा २५ जना महिला पुरुषले प्रशिक्षण लिएका थिए । तालिममा पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष रुपेश दुलाल र पत्रकार महासंघ मकवानपुर अध्यक्ष मणिराज गौतमले प्रशिक्षण प्रदान गरेका थिए । समापन समारोहमा प्रशिक्षार्थीले तालिम उपलब्धीमूलक भएको बताए । अगाडि गएर बोल्न समस्या हुने गरेकोमा तालिमले बोल्न सिकाएको सहभागी प्रशिक्षार्थी सरला दाहालले बताइन् ।

हेटौंडा-५ का वडाअध्यक्ष सुशिल घिमिरेले आफनो वडामा तालिम ल्याएर यहाँका युवायुवतीलाई दक्ष बनाउन सहयोग गरेकोमा आयोजक प्रतिष्ठानलाई धन्यवाद दिए । प्रतिष्ठानका अध्यक्ष मुना पाठकको अध्यक्षतामा भएको कार्यक्रममा ५ नम्बर वडासदस्य राम राई, रुद्रेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजीव सुवेदीलगायतले तालिम र यसको उपलब्धीबारे चर्चा गरेका थिए ।

# लायन्स क्लवद्वारा खाद्यान्न वितरण

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/लायन्स क्लव अफ हेटौंडाले सामाजिक उत्तर दायित्व अनुरुप खाद्यान्न वितरण गरेको छ । सोमबार क्लबले वनभोज कार्यक्रमसँगै हेटौंडा-१४, स्थित अनाथ, अपाङ्ग बाल पुनर्स्थापना केन्द्रलाई करिब ३० हजार मूल्य बराबरको खाद्यान्न सहयोग गरेको हो ।

क्लबका अध्यक्ष हरिवंश भेटवालको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष भेटवालले क्लवले पुनर्स्थापना केन्द्रमा रहेका करिब २० जना असाहय, असक्त बालबालिकाको लागि सहयोग गरेको बताए । कार्यक्रममा क्लवले गरेका गतिविधिका बारेमा समेत चर्चा गरिएको थियो । मकवानपुरमा जेठो क्लवका रुपमा रहेको यस क्लबले जिल्लाका क्लबको वर्तमान अवस्था र सामाजिक सेवाका कामबारे चर्चा गरेको थियो ।

क्लव स्थापना हुनु मात्र ठुलो कुरा नभई कसरी क्लबलाई सक्षम र चलायमान बनाउने, सामाजिक क्षेत्रमा कसरी सहयोगी हातको रुपमा प्रस्तुत हुने भन्नेबारे पनि छलफल भएको थियो । कार्यक्रममा क्लवका पूर्वअध्यक्षहरु सुदर्शन अधिकारी, डाक्टर बलराम भट्ट, मुक्तिगोविन्द वैद्य, माधव न्यौपानेलगायत करिब २५ जना सदस्यको सहभागिता रहेको थियो । कार्यक्रम संचालन पूर्वअध्यक्ष राजु नेपालले गरेका थिए ।

# ख्रिष्टमसले सद्भाव र एकतामा बल पुग्छ: प्रदेशप्रमुख शर्मा

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्माले इसाई समुदायको महत्वपूर्ण पर्व ख्रिष्टमसको अवसरमा शुभकामना व्यक्त गर्दै सद्भाव, सहिष्णुता र एकतामा बल पुग्ने विश्वास लिएका छन् ।

प्रदेशप्रमुख शर्माले सोमबार शुभकामना सन्देश जारी गर्दै स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायू एवम उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गरे । उनले आफ्नो शुभकामनामा संवैधानिक व्यवस्थाअनुसार धर्मनिरपेक्ष राज्य नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधताले भरि पूर्णरहेको उल्लेख गरेका छन् ।

विविधताबीच एकता कायम गरी आपसी भाइचारा र सहिष्णुता अभिवृद्धि गर्न मनाउने पर्वहरुले सघाउ पुऱ्याइरहेको पनि प्रमुखशर्माको सन्देशमा भनिएको छ । 'हाम्रा धर्म, संस्कृति र चाडपर्वहरुको संरक्षण गर्दै धार्मिकसांस्कृतिक स्वतन्त्रताको उपयोग गर्नु हाम्रो मौलिकअधिकार हो ।', प्रमुखले आफ्नो सन्देशमा भनेका छन्, 'ख्रिष्टमस पर्वले हामी नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र एकतालाई प्रबलीकरण गर्दै समग्र राष्ट्रको उत्थानमा सघाउ पुऱ्याउनेछ भन्नेमा म विश्वस्त छु ।',

# सुनगाभा सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/हेटौंडा उपमहानगरपालिका-६, चौघडास्थित सुनगाभा बहुउद्देश्यीय सहकारी संस्था तथा सुनगाभा शिक्षा निकेतन ईङलिश स्कूलको २१ औं वार्षिक साधारणसभा भएको छ ।

सोमवार हेटौंडा-१९ मा रहेको तपोवनमा भएको साधारणमा सहकारीका संस्थापक अध्यक्ष बासुदेव अधिकारीको प्रमुख आतिथ्यता एवम सहकारीका अध्यक्ष रामहरि न्यौपानेको सभाध्यक्षता रहेको थियो । साधारण सभामा संस्थाका अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष रामहरि चौलागाईले आर्थिक वर्ष २०८०/८१ को लागि ३ करोड ६ लाखको आर्थिक प्रतिवेदन र लेखा समितिका संयोजक कुमारमणि दाहालले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा हेटौंडा-६ का वडासदस्य विजय पौडेल, भूमि आयोग मकवानपुरका विज्ञसदस्य अर्जुनप्रसाद चौलागाई, संस्थाका उपाध्यक्ष साधुराम चौलागाई, सचिव नारायणप्रसाद अधिकारी, सदस्य धुर्वप्रसाद चौलागाई, त्रिभुवनपति भाष्कर थापा, गम्भिर न्यौपाने, सञ्चाकर्मी भीमसेन पौडेल लगायतको उपस्थिति रहेको थियो । कक्षा १० सम्म पढाई हुने सुनगाभा शिक्षा निकेतन स्कूलमा करिब ७ सय विद्यार्थी अध्ययनरत रहेको प्रिन्सिपल अरुण पराजुलीले जानकारी दिए ।

# ढकाल समाजको अध्यक्षमा पुरुषोत्तम

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/हेटौंडा-२, वनस्खण्डीमा ढकाल समाज प्रतिष्ठानको कुलपूजा तथा जिल्ला एवम् नगर अधिवेशन सोमवार भएको छ । अधिवेशनले पुरुषोत्तम ढकालको अध्यक्षतामा ११ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्षमा रामहरि शर्मा ढकाल, सचिवमा आनन्द ढकाल, कोषाध्यक्षमा विश्वनाथ ढकाल चयन भएका छन् । त्यस्तै समितिको सदस्यहरुमा बालमुकुन्द ढकाल, नानु ढकाल, युवराज ढकाल, रामकुमार ढकाल, भगवान ढकाल चयन भएका हुन् । त्यस्तै किशोरचन्द ढकालको अध्यक्षतामा ढकाल समाज प्रतिष्ठान हेटौंडा नगर कमिटी गठन गरिएको छ ।

नगरकमिटीको उपाध्यक्षमा आरती ढकाल, सचिवमा लेखनाथ ढकाल, कोषाध्यक्षमा सरोज ढकाल चयन भएका छन् । कमिटीको सदस्यहरुमा क्रमश: अर्जुन ढकाल, सागर ढकाल, राजन ढकाल, राजेन्द्र ढकाल, रेखा ढकाल र सीताराम ढकाल चयन भएका छन् । ढकाल समाज प्रतिष्ठानका केन्द्रीय उपाध्यक्ष जगन्नाथ ढकालको प्रमुख आतिथ्यता एवम् केन्द्रीय महासचिव दामोदर ढकालको बिशेष आतिथ्यतामा कार्यक्रम भएको थियो ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना